# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## ठाकुरबाबा नगरपालिका

बर्दिया



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## ठाकुरबाबा नगरपालिका

बर्दिया



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं.१५४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
ठाकुरबाबा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बर्दिया

**कैफियत सहितको राय**

हामीले ठाकुरबाबा नगरपालकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ६ करोड ११ लाख ७९ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१ करोड ३५ लाख ८० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ७७ लाख २८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४५ लाख ४३ हजार र पेश्की रू. ५३ लाख २८ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ११ करोड ५८ लाख ९३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१७ करोड ७० लाख ७२ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

ठाकुरबाबा नगरपालिका, बर्दिया

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६९ | १९४ | ६११७९ | ० | ० | ० | ६९ | १९४ | ६११७९ | १३५८० | १४५४३ | २७७२८ | ० | ० | ४२२७१ | ५३२८ |

## १.२ प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | प्रतिक्रिया प्राप्त नभएको | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ठाकुरबाबा नगरपालिका बर्दिया | ११५८९३ | ० | ० | ११५८९३ | ० | ६११७९ | १७७०७२ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : ठाकुरबाबा नगरपालिका, बर्दिया , ठाकुरबाबा नगरपालिका , बर्दिया

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रामहरि रिजाल | २०७८-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुदिप सिह सुनार | २०७८-१२-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | युवराज अधिकारि | २०७८-४-१ | २०७८-१०-१६ |
| लेखा प्रमुख | तपेन्द्र राज जोशि | २०७८-१०-१७ | २०७८-१२-१३ |
| | | **बेरुजु रकम** | ६१,१७९,५१०.७१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १४,४५,७६,३९३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४४,३८,६८,१८० | **चालु खर्च** | ३८,१५,२३,४२७ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,५४,४७,००० | **पूँजीगत खर्च** | २०,७३,४२,३३७ |
| **राजश्व बाँडफाँट** | ११,२९,८३,८०८ | **वित्तीय/अन्य व्यवस्था** | ३२,१३,३६,८५६ |
| **आन्तरिक आय** | ५,०८,५२,७७७ | | |
| **अन्य आय** | २७,१५,६३,१६३ | | |
| **कुल आय** | ९२,४७,१४,९२८ | **कुल खर्च** | ९१,०२,०२,६२० |
| **बाँकी मौज्दात** | | १५,९०,८८,७०१ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण :** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमानदण्ड समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७९।९।...... मा छलफल सम्पन्न भएको छ। छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् :</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय :<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा, १०४.५७ वर्ग किलोमिटर क्षेत्रफल तथा ५७२०५ जनसंख्या रहेको छ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>स्थानीय संचित कोष :<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता लगायतको आर्थिक वर्ष २०७८।७९ को आयव्यय (शुत्र-२७२ र CGAS समायोजन) हिसाबको समग्र अवस्था निम्न बमोजिम रहेको छ ।<br><br>आर्थिक बर्ष २०७८/०७९ को एकिकृत आर्थिक बिबरण
<table>
<tr><th rowspan="2">सि.नं.</th><th colspan="3">आय तर्फ</th><th rowspan="2">सि.नं.</th><th colspan="3">ब्यय तर्फ</th></tr>
<tr><th>बिबरण</th><th>रकम</th><th>जम्मा रकम</th><th>बिबरण</th><th>रकम</th><th>जम्मा रकम</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | गत बर्षको जिम्मेवारी | | १४४,५७६,३९२।६१ | क | कुल बजेट खर्च | | ५८८,८६५,७६३।७७ |
| | क. नगद | - | | | चालु खर्च | | ३८१,५२३,४२७।०० |
| | ख. बैंक | १४४,५७६,३९२।६१ | | | पुँजीगत खर्च | | २०७,३४२,३३६।७७ |
| 2 | राजस्व (आन्तरिक आय) | | ५०,८५२,७७७।२९ | १ | राजस्व (आन्तरिक आय) | | १०६,४१८,८०२।७९ |
| | क. आन्तरिक राजस्व | २४,९०३,०१२।०० | | | क. आन्तरिक राजस्व | १०६,४१८,८०२।७९ | |
| | ख. अन्य विविध आय श्रोत नखुलेको | २५,९४९,७६५।२९ | | | ख. जिल्ला समन्वय समिति | | |
| | ख. मालपोत रजिष्ट्रेशन | | १४,३१५,५५६।०० | २ | राजस्व बाँडफाँड | | ७२,७२६,०६५।०० |
| | ख.१. गत बर्षको बाँकी रजिष्ट्रेशन शुल्क | १४,३१५,५५६।०० | | | क. राजस्व बाँडफाँड संघीय सरकार | ६९,०१६,१७२।०० | |
| | ग. जिल्ला समन्वय समिति | - | | | ख. राजस्व बाँडफाँड प्रदेश सरकार | ३,७०९,८९३।०० | |
| 3 | राजस्व बाँडफाँड | | १११,५५२,२५२।४६ | ३ | वित्तिय हस्तान्तरण-संघीय सरकार | | ३७३,९७५,२०१।९८ |
| | क. राजस्व बाँडफाँड संघीय सरकार | ९९,९४६,९००।६५ | | | क. बितिय समानिकरण अनुदान | १०५,६९२,४३३।०० | |
| | क.2. वन क्षेत्रको रोयल्टी | ५६६,१७६।८९ | | | ख. शसर्त अनुदान | २६८,२८२,७६८।९८ | |
| | क.3. आन्तरिक बाट सापटी / फिर्ता | | | | ग. समपुरक अनुदान | - | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख. राजस्व बाँडफाँड प्रदेश सरकार | ११,०३९,१७४।९२ | | | घ. बिशेष अनुदान | - | |
| 4 | **वित्तिय हस्तान्तरण-संघीय सरकार** | | ४४३,८६८,१८०।०० | ४ | **वित्तिय हस्तान्तरण-प्रदेश सरकार** | | **३५,७४५,६९४।००** |
| | क. बितिय समानिकरण अनुदान | १४५,६००,०००।०० | | | क. बितिय समानिकरण अनुदान | ५,२६८,२१७।०० | |
| | ख. शसर्त अनुदान | २९८,२६८,१८०।०० | | | ख. शसर्त अनुदान | १०,९८७,९९८।०० | |
| | ग. समपुरक अनुदान | - | | | ग. समपुरक अनुदान | १२,८२५,१४६।०० | |
| | घ. बिशेष अनुदान | - | | | घ. बिशेष अनुदान | ६,६६४,३३३।०० | |
| 5 | **वित्तिय हस्तान्तरण- प्रदेश सरकार** | | ४५,४४७,०००।०० | ५ | **बिभिन्न कोष तर्फको खर्च** | | २१,९२४,८४८।१८ |
| | क. बितिय समानिकरण अनुदान | ६,९०३,०००।०० | | | ग-2.7 बिबिध खर्च खाता | ५,९०७,१४५।०० | |
| | ख. शसर्त अनुदान | ११,५४४,०००।०० | | | ग-7.1 आकस्मिक कोष खाता | - | |
| | ग. समपुरक अनुदान | २०,०००,०००।०० | | | ग-7.2 प्रकोष व्यवस्थापन कोष खाता | ५,३३७,२३८।०० | |
| | घ. बिशेष अनुदान | ७,०००,०००।०० | | | ग-5.1 बिबिध कोष खाता | १०,६८०,४६५।१८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 6 | अन्तर स्थानीय तहबाट प्राप्त | | - | ६ | धरौटी फिर्ता | | ३,५४२,०२७।०० |
| 7 | वित्तिय व्यवस्था प्राप्ति | | - | | 6.1.फिर्ता | ३,५४२,०२७।०० | |
| | क. ऋण प्राप्ति | | - | ७ | खर्च गर्न बाँकी रकम फिर्ता | | ६२,६५७,६९३।०२ |
| | ख. साँवा प्राप्ति | | - | | क. आ.ब.207८/07९ प्रदेश सरकार फिर्ता | ८,०६६,५२३।०० | |
| | ग. व्याज प्राप्ति | | - | | ख. आ.ब.207८/07९ संघीय सरकार फिर्ता | २९,९८५,४११।०२ | |
| | घ. अन्य प्राप्ति | | | | ग. आ.ब.207७/07८ प्रदेश सरकार फिर्ता | १,९७६,६४३।०० | |
| 8 | विभिन्न कोष तर्फको आय | | ७३,१९२,०९२।१० | | घ. आ.ब.207७/07८ प्रदेश सरकार फिर्ता | २२,६२९,११६।०० | |
| | ग-2.7 बिबिध खर्च खाता | ११,८४१,१६३।०० | - | 8 | मौज्दात | | १५९,०८८,७०१।५७ |
| | ग-६.१ विभाज्य कोष खाता | ३२,४००,५५९।०० | | | 8.1. संचित कोष बाँकी मौज्दात | - | |
| | ग-7.2 प्रकोष व्यवस्थापन कोष खाता | ५,३७४,५४९।१० | - | | 8.2. चालु खाताबाट संचित कोषमा फीर्ता | ७२,९०६,९००।५२ | |
| | ग-5.1 बिबिध कोष खाता | २३,५७५,८२१।०० | - | | 8.3. पुँजिगत खाताबाट संचित कोषमा फीर्ता | ६०,२३२,०३५।७६ | |
| ९ | बिषयगत निकाबाट प्राप्त रकम | - | १७०,७७८,२२३।०० | | 8.6. आन्तरिक राजस्व संचित कोषमा फीर्ता | २५,९४९,७६५।२९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | एकिकृत स्वास्थ्य पुर्वाधार बिकास कार्यक्रम | २४,४८५,९७२।०० | | **9** | **बिभिन्न कोष तर्फको बैंक मौज्दात** | | **५१,२६७,२४३।९२** |
| | स्थानीय तह प्रशासनिक भवन पुर्वाधार बिकास कार्यक्रम | १२,८१०,६६२।०० | | | ग-2.7 बिबिध खर्च खाता | ५,९३४,०१८।०० | |
| | समाजिक सुरक्षा तथा संरक्षण | १३३,४८१,५८९।०० | | | ग-7.1 आकस्मिक कोष खाता | - | |
| १० | **जनसहभागिता नगद** | | - | | ग-7.2 प्रकोष व्यवस्थापन कोष खाता | ३७,३११।१० | |
| ११ | **धरौटी आय** | | १४,७०८,८४८।०० | | ग-5.1 बिबिध कोष खाता | १२,८९५,३५५।८२ | |
| १२ | **11.1 आम्दानी** | १४,७०८,८४८।०० | - | | ग-६.1 स्थानीय तह बिभाज्य कोष खाता | - | |
| १३ | **लगानी सौँवा फिर्ता** | | - | | ग-६.१ विभाज्य कोष खाता | ३२,४००,५५९ ।०० | |
| १४ | **आन्य श्रोत** | | - | **10** | **धरौटी तर्फको बाँकी मौज्दात** | | **११,१६६,८२१।००** |
| | | | | | धरौटी बैंक मौज्दात | ११,१६६,८२१।०० | |
| | | | | ११ | **बिषयगत निकाबाट प्राप्त बजेट खर्च** | | **१७०,७७८,२२३।००** |
| | | | | | एकिकृत स्वास्थ्य पुर्वाधार बिकास कार्यक्रम | २४,४८५,९७२।०० | |
| | | | | | स्थानीय तह प्रशासनिक भवन | १२,८१०,६६२।०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>पुर्वाधार बिकास कार्यक्रम</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>समाजिक सुरक्षा तथा संरक्षण</td><td>१३३,४८१,५८९।००</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,०६९,२९१,३२१।४६</td><td colspan="3">जम्मा</td><td>१,०६९,२९१,३२१।४६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरण :<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन।<br><br>• अन्तरसरकारी अख्तियरीतर्फको रकम SuTRA सफ्टवयेरमा समावेश नभएकोले वित्तीय विवरणले यथार्थ चित्रण गरेको छ भन्न सकिएन।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता :<br><br>पालिकाको आर्थिक कार्यप्रणाली लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा राख्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३३४८१५८९। र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २४४८५९७२।, स्थानीय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रममा रू १२८१०६६२। समेत गरी रु.१७०७७८२२३। सुत्रमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बैङ्क हिसाव विवरण :</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले श्रेस्ता अनुसार र बैङ्क स्टेटमेन्ट अनुसार रू ४९४५८७८१। फरक परेकोले हिसाव मिलान गर्नुपर्दछ।<br><br>
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार २०७९।३।३१ को बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार २०७९।३।३१ को बाकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>चालु खर्च खाता</td><td>६२०९८४३७।५४</td><td>९९४१५३८९।५४</td><td>३७३१६९५२</td></tr>
<tr><td>२</td><td>पुंजिगत खर्च खाता</td><td>६८८२०२५९।७६</td><td>८०९६२०८८।७६</td><td>१२१४१८२९</td></tr>
</table></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली :<br><br>
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु निम्न बमोजिम रहेका छन्-<br><br>
• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br><br>
• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br><br>
• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । <br><br> • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । <br><br> • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो भएको पाईएन। <br><br> • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन। <br><br> • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । <br><br> • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन। <br><br> • निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण बनाई लागु गरेको पाईएन। <br><br> तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिएबमोजिम प्रभावकारी, मितव्ययी, कार्यदक्षता जोखिमरहित ढंगबाट सम्पादन गर्न विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ८ | | | **कारोबारको लेखा :**<br><br>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३ (४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५६ अनुसार विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा नगदमा आधारित दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तबमोजिम महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाको वडा कार्यालयबाट प्राप्त हुने राजस्वको अभिलेख तोकिएको ढाँचामा नराखेको, प्राप्त राजस्व एकमुष्ठ जम्मा गर्ने गरेको देखिन्छ। राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्व रकमको हिनामिना हुनसक्ने भएकोले यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| ९ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफलः**<br><br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ। जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ। पालिकामा लेखा समितिसमेत गठन भएको पाइएन। पालिकाले यो वर्ष अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल गरेको देखिएन। लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन। कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थापकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ। | |
| १० | | | **बजेट पेश, पारित र अख्तियारी :**<br><br>स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उप प्रमुख कृष्ण कुस्मा थारुले मिति २०७८।३।१० मा रु.७५ करोड ७४ लाख ३१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८।०३।२५ मा पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७८।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। समयमै बजेट पारित गरी अख्तियारी प्रदान दिनुपर्दछ। | |
| ११ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ। | |
| १२ | | | **चौमासिक पूँजीगत खर्च :** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा मात्र बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च (रु. हजारमा) | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| १ | विभिन्न | २०७३४२ | २८९७ | ७१९९९ | १३२४४६ | १८३६६ |
| | खर्च प्रतिशत | १०० | १.४० | ३४.७३ | ६३.८७ | ८.८५ |

१३

**क्षेत्रगत बजेट र खर्च :**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| सि नं | मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४३,०७०,५०० | ३३,५८८,२०४ | ७७।९८ |
| २ | पूर्वाधार विकास | ३१७,५४९,२२९ | १७३,२१४,८६३।७७ | ५४।५५ |
| ३ | सामाजिक विकास | ३२८,३८०,२६९ | २९२,०७०,९८९।९८ | ८८।९४ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ८,५२२,८९५ | ७,०९४,५८९ | ८३।२४ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १०२,५९२,००३ | ८२,८९७,११७।०२ | ८०।८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उल्लेखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ७७.९८ प्रतिशत, पूर्वाधार विकासतर्फ ५४.५५ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ८८.९४ प्रतिशत, संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ ८३.२४ प्रतिशत र अन्य कार्यालय संचालन तथा प्रशासनिक तर्फ ८०.८० प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ७७.९८ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ। साथै, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिबृद्धि गर्नुपर्दछ। | |
| १४ | | | **खर्च बिश्लेषण :**<br><br>पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ५०५८२७७७.२९ र राजश्व बाँडफाँड रू. १२५८६७८०८.४६,अनुदान रू. ४८९३१५१८०।, अन्तरसरकारी वजेटबाट रु.२५८६७९१६३.१० समेत रु. ९२४७१४९२८.८५ आम्दानी भएकोमा चालुतर्फ रु. ३८१५२३४२७। र पुँजीगततर्फ रु. २०७३४२३३६.७७ र वित्तीय व्यवस्थातर्फ शून्यसमेत रु. ५८८८६५७६३.७७ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ८.६३ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा १४९०००००। खर्च भएको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजश्व बाँडफाँडको रकमबाट ६४.७८ प्रतिशत चालु र ३५.२१ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजश्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माण प्रयोजनमा खर्च गरिनुपर्दछ। | |
| १५ | | | **योजना र कार्यान्वयनः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासका लागि आबधिक, बार्षिक, रणनीति बिषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन बिकास योजना बनाई लागू गर्नुपर्ने र योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुको साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | बजेट रकम |
|---|---|---|---|
| १ | रु एक लाख सम्मको योजना | १०३ | ५०,१७,००० |
| २ | रु एक लाख एक देखि दुई लाख सम्मका योजना | ७३ | ८६,४७,००० |
| ३ | रु दुई लाख एक देखि पाँच लाख सम्मका योजना | ६६ | १,८६,७१,००० |
| ४ | रू पाँच लाख एक देखि दश लाख सम्मका योजना | १४ | ७९,६३,८९० |
| ५ | रू दश लाख एक भन्दा माथिका योजना | ४ | ४०,००,००० |
| **जम्मा** | | **२६०** | **४,४२,९८,८९०** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>

**शसर्त अनुदान फिर्ता :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ फिर्ता गर्न बाँकी अनुदान रु. ३,८०,५१,९३४।०२ रकम मिति २०७९।४।१० मा फिर्ता गरेको छ।

<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>फिर्ता रकम</th></tr>
<tr><td rowspan="3">संघीय सरकार</td><td>शसर्त</td><td>२९८,२६८,१८०</td><td>२६८,२८२,७६८।९८</td><td>२,९९,८५,४११।०२</td></tr>
<tr><td>विषेश</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>समपुरक</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td rowspan="3">प्रदेश सरकार</td><td>शसर्त अनुदान</td><td>१२४९४०००</td><td>१०,९८७,९९८</td><td>१५,०६,००२</td></tr>
<tr><td>विषेश अनुदान</td><td>७,०००,०००</td><td>६,६६४,३३३</td><td>३,३५,६६७</td></tr>
<tr><td>समपुरक</td><td>१९,०५०,०००</td><td>१२,८२५,१४६</td><td>६२,२४,८५४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३३६,८१२,१८०</td><td>२९८,७६०,२४५.९८</td><td>३,८०,५१,९३४।०२</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>

**विविध खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१९९८००० खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>

**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन :**

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४४ जना पदपूर्ती भई २१ जना रिक्त रहेको देखिन्छ। रिक्त रहेको दरवन्दी यथासिघ्र पदपूर्ति गरी काममा सहजता ल्याउनु पर्दछ। | |
| १९ | | | **कल्याण कोष :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानुनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्थाअनुरुप स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाअन्तर्गत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पदबाट अलग हुँदा दिनुपर्ने अवकास सुविधा रकम कल्याण कोष स्थापना गरी रू.१३७९७८५ वजेट छुट्याइएको छ । | |
| २० | | | **गुणस्तर परीक्षण :**<br><br>सार्वजानिक खरिद नियमावली २०६४ को नियम ११५(१) अनुसार सावर्जानिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परिक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परिक्षण प्रभावकारी रुपमा गर्नुपर्ने देखिन्छ। | |
| २१ | | | **न्यायिक समिति :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ८९ वटा रहेको र यो बर्ष २२ विवाद दर्ता भएकोमा ७ वटा फस्यौंट भई १०४ बाँकी रहेको देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारबाही गरी किनारा लगाउनुपर्दछ। | |
| २२ | | | **कानून र सञ्चालन स्थिति :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम. निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएको छ। यस वर्षसम्म २४ वटा ऐन र ८४ वटा नियमावली तथा कार्यविधि मापदण्ड बनाई कार्यान्वयनमा ल्याएको छ । पालिकाले सभावाट कानुनहरु बनाई पारित गरी कानुनहरुको कार्यान्वयन प्रभाकारी रुपमा गरेको देखिएन। पालिकाले निर्माण गरेका कानुनहरुको प्रभाबकारी कार्यन्वयन गर्नुपर्दछ। | |
| २३ | | | **सेवा प्रवाह :**<br><br>पालिकाले स्थानिय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विवरण</td><td>जम्मा</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>१७२</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१३३९</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>३५८</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१०१९ आएको ५५२ गएको</td></tr>
<tr><td>विवाह दर्ता</td><td>७१८</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>२६</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>१८ कि.मि</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>१२ कि.मि</td></tr>
</table>
स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवालाई चुस्त बनाई राख्नु पर्ने देखिन्छ।
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>
स्थानीय तहका पदाधिकारी सुविधा :<br><br>
नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस बर्ष पदाधकारीको सुबिधामा कुल रु.१४९००००० खर्च लेखेको देखिन्छ।
<table>
<tr><td>सि.नं</td><td>विवरण</td><td>प्रमुख/ अध्यक्ष</td><td>उपप्रमुख/ उपाध्यक्ष</td><td>वडाअध्यक्ष ९ जना</td><td>कार्यपालिका सदस्य ८ जना</td><td>सभाका सदस्य ३० जना</td><td>जम्मा</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | | | | | | २६००००० |
| २ | यातायात खर्च | १२०००*१*१२ | १२०००*१*१२ | १२०००*९*१२ | ७०००*८*१२ | ३५००*३०*१२ | ३५१६,००० |
| ३ | टेलिफोन,मोबाइल | ४०००*१*१२ | ४०००*१*१२ | ३०००*९*१२ | ३०००*८*१२ | २५००*३०*१२ | १६,०८,००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ५०००*१*१२ | ५०००*१*१२ | ४०००*९*१२ | ३०००*८*१२ | २०००*३०*१२ | १५,६०,००० |
| ५ | जनसम्पर्क बिशेष सुविधा | १३०००*१*१२ | ८०००*१*१२ | ७०००*९*१२ | ५०००*८*१२ | ३०००*३०*१२ | २५,६८,००० |
| ६ | अतिथि सत्कार | ७०००*१*१२ | ६०००*१*१२ | ६०००*९*१२ | ० | ० | ८,०४,००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ५०००*१*१२ | ५०००*१*१२ | ५०००*९*१२ | ० | ० | ६,६०,००० |
| ८ | मर्मत संभार सुविधा | ५०००*१*१२ | ५०००*१*१२ | ५०००*९*१२ | ० | ० | ६,६०,००० |
| ९ | चाडपर्व खर्च | ५१०००*१*१ | ४५०००*१*१ | ४२०००*९*१ | १८०००*८*१ | ११०००*३०*१ | ९,२४,००० |
| | जम्मा | | | | | | १४९००००० |

| | | | | |
|---|---|---|---|---|
| २५ | | | **कार्यविभाजन तथा सम्पादनः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ मा कार्यपालिकाको कार्य विभाजन तथा कार्य सम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ सो नियमावलीमा प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा वडा सदस्यहरुको काम, कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनुपर्ने उल्लेख भएकोमा पालिकाले हालसम्म पदाधिकारीहरुको कार्य विभाजन नियमावली बनाएको छैन। कार्य विभाजन नियमावली स्वीकृत गरी स्थानीय तहलाई संस्थागत गर्नु पर्दछ। | |
| २६ | | | **विपन्न परिवारलाई अनुदान :** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सक्कल बिल भरपाई साथ लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि २०७८ अनुसार यस पालिकाको अति विपन्न तथा गरिब परिवारलाई प्रति परिवार रू १०००० का दरले ८०२ परिवारलाई रू ८०२००००। नगद अनुदान उपलब्ध गराएकोमा अति विपन्न तथा गरिब छनौटका आधार तथा मापदण्ड पेश हुन नसकेकोले आधार तथा मापदण्ड पेश हुनुपर्ने देखिन्छ। | |
| २७ | | | **धरौटी तर्फ :**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६२, ६६ र ६८ अनुसार धरौटी को रकम बैंकमा दाखिला गरेपछि एक प्रति बैंक भौचर सम्वन्धित कार्यालयमा बुझाई सोको नगदी रसिद लिनुपर्ने, जुन कामको लागि धरौटी राखिएको सो काम समाप्त भएको एक वर्षभित्र धरौटी रकम फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद (कार्यालय आफैले काटेर राखेको बाहेक) साथ निवेदन दिनुपर्ने र कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखाको अनुसूची १० अनुसारको ढाँचामा गोश्वारा धरौटी खाता (म।ले।प।फा नं। ६०२), अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता (म।ले।प।फा नं। ६०१), छुट्टै बैंक नगदी किताव राख्नुपर्ने र म्यादभित्र फिर्ता लिन नआएमा राजस्वमा आम्दानी बाँध्नु पर्ने उल्लेख छ। तर कार्यालयले धरौटीको नगदी रसिद नकाट्नुको साथै अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता समेत राखेको छैन ।नगदी रसिद नकाट्ने र व्यक्तिगत धरौटी खाता नराखी धरौटी रकम फिर्ता गर्दा सम्बन्धित फिर्ता लिन पाउने व्यक्तिले नै धरौटी फिर्ता लिएको छ भनी यकिन हुन नसक्ने भएकोले कानुनबमोजिम कारोबार गर्नेतर्फ पालिकाको ध्यान पुग्नुपर्ने देखियो। | |
| २८ | | | **म्याद ननाघेको पेश्की :**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस विभिन्न निर्माण व्यवसायी, उपभोक्ता समिति र कर्मचारीलाई जम्मा रु. १२४३२२५८ पेश्की दिएको छ। उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फर्स्यौट गर्नुपर्दछ। | |

| भौ.नं. | मिति | पेश्की लिने व्यक्ति/सस्था | म्याद ननाघेको |
|---|---|---|---|
| **ठेकेदार** | | | |
| ११ | २२/०५/२०७८ | श्याम एण्ड शंकर।कुटुम्ब जे.भि. | २९३३१७४ |
| २८ | ०६/०८/२०७८ | खड्का। भट्टराई जे.भी. | १०००००० |
| ३० | १०/०८/२०७८ | जय धनन्जय कँडेलश्याम ज्ञान जे.भी | ८००००० |
| ४३ | ०७/०९/२०७८ | खड्का। भट्टराई जे.भी. | १२३०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ४६ | ०८/०९/२०७८ | उत्सब निर्माण सेवा | ३५०००० |
| १५ | २७/०९/२०७८ | सुरज कन्स्ट्रक्सन | १०००००० |
| ५४ | २७/०९/२०७८ | सुरज कन्स्ट्रक्सन | १९१००० |
| २३ | १३/१२/२०७८ | तुलसी इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | १४८६७३१ |
| ११७ | २३/१२/२०७८ | अशोका निर्माण सेवा | ५००००० |
| १२८ | ०७/०१/२०७९ | काली गण्डकी निर्माण सेवा | ४४८७२० |
| ४३ | २७/०२/२०७९ | नोवेल गुडविल कन्स्टक्सन प्रा.लि | १०५०००० |
| | | **जम्मा** | **१०९८९६२५** |
| **उपभोक्ता समिति** | | | |
| १८ | ०८/११/२०७८ | खुनपुर सुजनपुर मल्टी स्पान ट्रस पुल निर्माण उ.स. | १३९७६३३ |
| | | **जम्मा** | **१३९७६३३** |
| **कर्मचारी पेस्की** | | | |
| **१३४** | ३०/०७/२०७८ | आइ टी अफिसर दिनेश बिष्ट | ४५,००० |
| | | **जम्मा** | **४५,०००** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>कुल जम्मा</td><td>१२४३२२५८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>
म्याद नाघेको पेस्की :<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार निर्माण व्यवसायी, कर्मचारी तथा संस्थाहरुलाई भुक्तानी दिएको पेश्की फस्योँट हुन बाँकी देखिएकोले सम्झौता अनुसार समयमै फस्योँट गर्नुपर्दछ। नियमावली बमोजिम तोकेको अबधिभित्र पेश्की फस्योँट नहुनाको कारण उल्लेख गरी पेश्की फस्योँट गर्नुपर्ने देखिएको रू.
<table>
<tr><th>भौ.नं.</th><th>मिति</th><th>पेश्की लिने व्यक्ति/सस्था</th><th>म्याद नाघेको पेस्की</th></tr>
<tr><td colspan="2">कर्मचारी पेस्की</td><td></td><td></td></tr>
<tr><td>५६५</td><td>२०७९।३।५</td><td>सहायक पाँचौ कृपाराम खनाल</td><td>१२००००</td></tr>
<tr><td>६०९</td><td>२०७९।३।१३</td><td>सहायक पाँचौ महेशी चौधरी</td><td>४०,०००</td></tr>
<tr><td>७३४</td><td>२४/०३/२०७९</td><td>दिपक राज भण्डारी</td><td>५०,०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२१००००</td></tr>
<tr><td>ठेकेदार</td><td></td><td></td><td></td></tr>
<tr><td>५१</td><td>१५/०३/२०७९</td><td>नोवेल गुडविल कन्स्टक्सन प्रा.लि</td><td>१०३००००</td></tr>
</table>
</td><td>५,३२८,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>१६/०३/२०७९</td><td>कालिसिल्ला एण्ड मष्टा निर्माण सेवा</td><td>२०६००००</td></tr>
<tr><td>१८९</td><td>१७/०३/२०७९</td><td>श्री इन्द्रलक्ष्मी कन्ट्रक्शन</td><td>७७,०००</td></tr>
<tr><td>२१०</td><td>२२/०३/२०७९</td><td>श्री इन्द्रलक्ष्मी कन्ट्रक्शन</td><td>६९३०००</td></tr>
<tr><td>२११</td><td>२२/०३/२०७९</td><td>अशोका निर्माण सेवा</td><td>५८००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४४४००००</td></tr>
<tr><td>संस्थागत</td><td></td><td></td><td></td></tr>
<tr><td>२८०</td><td>२४/०३/२०७९</td><td>कस्मोपोलिटन कन्सल्टेन्ट एण्ड टेक्निकल एजुकेशन सेन्टर प्रा. लि.</td><td>६७८०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>६७८०००</td></tr>
<tr><td></td><td></td><td>कुल जम्मा</td><td>५३२८०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ताः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन। पालिकाले यो वर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य सम्पन्न गराएको समितिहरु ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन। त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने,गराउने गरी सुधार हुनुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **गुणस्तर परीक्षणः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको सबै निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको र उपभोक्ता मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ। | |
| ३२ | | | **मर्मत सम्भार कोषः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले बिभिन्न आयोजना कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भएतापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ। | |
| ३३ | | | **निर्माण स्थल :**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा सार्वजनिक निकाय र लाभग्राहि समुदायले निर्माण स्थलको भ्रमण गरी खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समितिसँग सामुदायिक भवन र अन्य भौतिक संरचनाहरु निर्माणको लागि सम्झौता गर्दा संरचना गर्ने निर्माण स्थलको जग्गा कस्को स्वामित्वमा छ, उक्त जग्गा सरकारी तथा सार्वजनिक हो एकिन गर्ने गरेको देखिएन। पालिकाले संरचना निर्माण गर्ने स्थलको जग्गा सम्बन्धमा मालपोत तथा नापी कार्यालयसँग समन्वय गरेर मात्र खरिद सम्झौता गर्नुपर्दछ । | |
| ३४ | | | **हेभि इक्विपमेन्टको प्रयोग :**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर, जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने ब्यबस्था छ । सो नियमावली को प्रतिवन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभि मेशिन प्रयोग गर्ने गरेको पाईए तापनि नियमावलीको व्यबस्था बमोजिम सम्वन्धित प्राबिधिकको सिफारिश गराई कार्यालयबाट संचालन गरिनुपर्दछ। यस वर्ष ८२ उपभोक्ता समितिबाट रू १६४०२८५१।५२ बाटो तथा सडक निर्माण तथा मर्मत गर्ने कार्य भएको पाइयो । | |
| ३५ | | | **उपभोक्ता समितिको श्रेस्ता अनुगमन :**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ। उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन।उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन। उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ । | |
| ३६ | | | **लागत सहभागिता :**<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ।तर पालिकाले लागत सहभागिता शिरोभारसहितका लागत अनुमान तयार गरेको देखिएन।अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ। | |
| ३७ | | | **सम्झौताको कार्यान्वयन :**<br><br>पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा योजनाको सम्झौतामा देहाय बमोजिमको व्यवस्था गरेकोमा सम्झौतामा उल्लेखित अधिकांश शर्तहरुको पालना गरेको देखिँदैन । पालिकाले सम्झौतामा उल्लेखित शर्तहरु पुर्णरुपमा पालना भएको अवस्थामा मात्र भुक्तानी गर्नुपर्दछ।<br><br>• नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्नेमा राखेको छैन,<br><br>• उपभोक्ता समितिले आयोजनासँग सम्बन्धित विल, भरपाईहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, समिति समूहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलब्ध गराउनुपर्ने र त्यसको लेखापरीक्षण पनि गराउनुपर्ने उल्लेख भएकोमा उपभोक्ता समितिले लेखापरीक्षण गराएको छैन,<br><br>• मूल्य अभिबृद्धि कर (VAT) लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु. २०,०००।- भन्दा बढी मूल्यको सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन,<br><br>• योजनाको आवश्यक मर्मत संभारको व्यवस्था सम्बन्धित उपभोक्ताहरुले नै गर्नुपर्नेमा सोको अनुगमन भएको छैन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उल्लेखित शर्तहरुको परिपालना नभएबाट कामको लागत, गुणस्तर एवं प्रतिफलको सम्बन्धमा आश्वस्त हुन नसकिएकोले दुबै पक्षले शर्तहरुको पालना गर्नुपर्दछ। | |
| ३८ | | | **सुतैया बक्स कलभर्ट :** | |
| ३८.१ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम (३१) १ मा सार्वजनिक निकायले बीस लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा सेवा खरिद गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ। सुतैया बक्स कलभर्ट निर्माण कार्यका लागि मिति २०७८।१।३१ मा निर्माण व्यावसायी उत्सव निर्माण सेवासंग रु. ८८,२३,७२२।१९ मा ठेक्का सम्झौता भएको थियो। शुरु ठेक्का सम्झौता अनुसार मिति २०७८।७।१० मा निर्माण कार्य सम्पन्न हुनुपर्ने थियो। चालु आर्थिक वर्षमा कार्यालयबाट निर्माण कार्यमा उल्लेख्य प्रगति नभएको उल्लेख गर्दै मिति २०८०।१।३० सम्मको लागि म्याद थप गरेको देखिन्छ। निज निर्माण व्यावसायीलाई हाल सम्म रनिङ विलबाट रु. २८१०६५८। भुक्तानी भएको छ र पेश्की बाँकी रु. ३५००००। रहेको छ। हाल निर्माण व्यावसायीले निर्माण कार्य छाडी कार्यालयको सम्पर्कमा नरहेको भनी उल्लेख गर्दै कार्यालयले निर्माण व्यावसायीलाई पत्राचार गर्दा समेत सम्पर्कमा आएको छैन। सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन : | |
| ३८.२ | | | पेश्की जमानतको म्याद समेत १३ अप्रिल २०२२ मा नै सकिएको छ। कार्यालयले पेश्की जमानतको म्याद सकिनु अगाडि नै जमानत जफत गर्नका लागि जमानत जारी गर्ने माच्छापुच्छ्रे बैंक नेपालगंज शाखालाई पत्राचार गरेकोमा बैंकले जमानत जफत गरेको देखिएन। बिना सर्त बेनिफिसियरीको आदेश अनुसार जमानत जफत गर्नु बैंकको कानूनी दायित्व भएकोमा बैंकले कार्यालयको निर्देशनको पालना नगरेको राष्ट बैंकको एकिकृत निर्देशिका बिपरित देखिएकोमा यस सम्बन्धमा राष्ट्र बैंकलाई शिघ्र पत्राचार गरी कानूनको परिपालना नगर्ने बैंकलाई दण्डित गर्ने र जमानत जफत गरी बेरुजु दाखिला गर्नु पर्दछ। पेश्की जमानत जफत गरी बेरुजु दाखिला गर्नुपर्ने रु. | ३५०,००० |
| ३८.३ | | | निज निर्माण व्यावसायीले यस ठेक्काको लागि राखेको कार्य सम्पादन जमानतको मिति पनि १३ मे २०२३ सम्म भएको हुँदा जमानत जफतको कारवाहीमा जानु पर्ने देखिन्छ। कार्य सम्पादन जमानत जफत गरी दाखिला गर्नुपर्ने रु. | २,३२९,५५२ |
| ३९ | | | **ठाकुरद्धार हात्तीसार सडक कालोपत्रे निर्माण :**<br><br>ठाकुरद्धार हात्तीसार सडक कालोपत्रे निर्माण कार्यका लागि मिति २०७८।३।२१ मा निर्माण व्यावसायी श्याम शंकर र कुटुम्ब कन्स्ट्रक्सन जेभीसंग रु १६६१०४३८।७५ मा ठेक्का सम्झौता भएको थियो। शुरु ठेक्का सम्झौता अनुसार मिति २०७८।७।३० मा निर्माण कार्य सम्पन्न हुनु पर्नेमा चालु आर्थिक वर्षमा कार्यालयबाट निर्माण कार्यमा उल्लेख्य प्रगति नभएको उल्लेख गर्दै मिति २०७८।१२।३० सम्मको लागि म्याद थप गरेको देखिन्छ। हालसम्म रनिङ बिलको भुक्तानी भएको छैन। निर्माण व्यावसायीले मिति २०७८।१२।३० मा कार्यालयको लागि लेखेको पत्रको व्यहोरा अनुसार माटो भर्ने काम परिमाण साथै Site clearance Dismental of RCC work pipe and excvation आइटमहरुको परिमाण अनुचित रहेको भन्ने कार्यालयको दाबि रहेकोमा निर्माण व्यावसायीको बिमत्ति रहेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उल्लेख छ। पालिकाको मिति २०७८।५।१८ चलानी नम्बर ३२१ को पत्र अनुसार माटो पटानीको परिमाण अनुचित देखिएको जनाई संयुक्त रुपमा पुन सर्भे गर्ने व्यहोरा उल्लेख छ। पुन मिति २०७९।२।५ चलानी नम्बर २५०० को पत्र अनुसार ठेक्काको म्याद २०७८।१२।३० मा नै म्याद समाप्त भएको हाल सम्म म्याद थपका लागि सम्पर्कमा नआएको उल्लेख गर्दै पत्राचार गरेको देखिन्छ। त्यसैगरी माटो पटानी लगाए भएको कार्य प्रगतिको ल्याब टेस्ट नगराई Sub base layer को काम अगाडि बढाएको, Subbase layer मा प्रयोग गरिने ग्राबेल मेटेरियलको Test analysis नगरी के कति कारण अगाडी बढाएको र हाल सबै काम किन एकतर्फी रुपमा ठप्प पारेको हो भन्ने व्यहोरा सहितको पत्रचार गरेको देखिन्छ। यसरी ठेक्का सम्झौताको सर्त अनुसार काम नगरी सम्पर्कमा नआउने निर्माण व्यावसायीलाई सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को ८ अनुसार गर्नुपर्ने देखिन्छ। | |
| ४० | | | **बडबुरुवा खोला बक्स कल्भर्ट निर्माण :**<br><br>बडबुरुवा खोला बक्स कल्भर्ट निर्माण कार्यका लागि मिति २०७८।१।१६ मा निर्माण व्यावसायी एल बि एण्ड एबि रोहित जेभीसंग रु ९६२३२७५।९६ मा ठेक्का सम्झौता भएको थियो। शुरु ठेक्का सम्झौता अनुसार मिति २०७८।१।१६ मा निर्माण कार्य सम्पन्न हुनुपर्ने थियो। चालु आर्थिक वर्षमा कार्यालयबाट निर्माण कार्यमा उल्लेख्य प्रगति नभएको उल्लेख गर्दै मिति २०७९।३।३० सम्मको लागि म्याद थप गरेको देखिन्छ। निर्माणाधिन कल्भर्टको एक साइडमा मात्र बाटो रहेको र अर्को साइडमा निजी व्यक्तीको स्वामित्वको जग्गा रहेको अवस्थामा पालिकाले निज जग्गा धनीबाट बाटोको लागि जग्गा दिने मौखिक सहमतिमा आयोजना संचालन गरेको देखिन्छ। यसरी बाटो कायम नभएको स्थानमा मौखिक सहमतिको आधारमा कलभर्ट निर्माणकार्य संचालन गर्दा पछि बाटोको बिबाद हुन सक्ने अवस्थाको आश्वस्थता बेगर योजना कार्यान्वयन गर्नु उपयुक्त देखिदैन। यसरी पूर्व तयारी बेगर योजना संचालन गर्दा तोकिएको समय र लागतमा योजना सम्पन्न नहुन उच्च जोखिम रहन्छ साथै विकास योजनाको दिगोपना समेत सुनिश्चित हुँदैन।<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएशन सम्बन्धी कार्यविधि उल्लेख छ। उप नियम १ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। त्यस्तो भेरिएशन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले निर्माण कार्यको ड्रईङ, डिजाईन तथा स्पेसिफिकेशन आदि बदल्नु पर्ने विषय, निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने विषय, भेरिएशन परिमाणको प्राविधिक पुष्ट्याईं र कारण, लागत अनुमानमा पर्ने प्रभाव र स्वीकृत बजेट तथा कार्यक्रममा परे नपरेको विषय जस्ता व्यहोरा उल्लेख गरी तोकिएको सीमा प्रतिशत भित्र हुने भेरिएशन आदेश स्वीकृत गराई नियमावलीको उल्लेखित व्यवस्थाको अधिनमा रही रितपुर्वक भेरिएशन स्वीकृत गराई सम्झौताको कार्यान्वयन गराउनु पर्दछ। पालिकाले उक्त कल्भर्ट निर्माण कार्यको डिजाइनमा त्रूटि देखिएको हुँदा Redesign गर्दा PCC, RCC, Reinforcement items हरुको परिमाण बढ्न गएको त्यसैगरी Retaining wall को अतिरिक्त काम गर्नुपरेकोले Masonry work items मा पनि थप परिमाण काम गर्नुपर्ने जनाई रु.२८,७५,८५७।७१ भेरिएशन आदेश स्वीकृत गरेको छ। डिजाइनमा भएको त्रूटिको कारण भेरिएशन आदेश स्वीकृत गराई अतिरिक्त थप दायित्व सिर्जना हुने गरि गरिएको भेरिएशन आदेश स्वीकृति नियम सम्मत नदेखिएको रु. | २,८७५,८५७.७१ |
| ४१ | | | **वाढी पिडित घर पुनर्निर्माणः**<br><br>२०७१ श्रावण २९ र ३० गते आएको वाढीवाट घर क्षतिग्रस्त भएका परिवारलाई घर पुनर्निर्माण कार्यको लागि यस पालिकावाट लाभग्राहीको सूचीमा परेका घरपरिवारलाई शहरी विकास तथा भवन डिभिजन कार्यालय बाँकेले प्रति परिवार घर निर्माण कार्यको लागि प्रथम किस्ता रु.५००००।०० , दोस्रो किस्ता रु.१५००००।०० र तेस्रो किस्ता रु.१०००००।०० गरी कुल रु.३०००००।०० को दरले भुक्तानी दिनेगरी सम्झौता गरेको भएता पनि उक्त कार्यालयवाट के कति रकम लाभग्राहीले प्राप्त गरे भन्ने कुराको अभिलेख पालिकाले राखेको देखिएन। यसरी छनौटमा परेका ५९० लाभग्राहीमध्ये पालिकाले आ व २०७७।७८ मा ५९० परिवारलाई प्रति परिवार रु.१७३५४।०० को दरले भुक्तानी दिएको देखियो भने यस आ व मा ५९० परिवारलाई प्रति परिवार रु.१८९४९।०० को दरले जम्मा रु.१११७९९१०।०० भुक्तानी दिएको पाइयो। २०७१ सालका वाढी पिडितलाई घर पुनर्निर्माण कार्यको लागि दिने गरी सम्झौता भएको रकम हालसम्म के कति प्राप्त गरे र प्राप्त गर्न वाँकी रकमको अभिलेख समेत व्यवस्थित रहेको पाइएन। यसरी तोकिएको समय र किस्तामा अनुदान रकम प्राप्त नहुँदा कार्यक्रमले तोकेको उद्देश्य प्राप्त नहुने हुँदा २०७१ सालदेखि आजसम्म पनि घर पुन: निर्माणका लागि कहिलेसम्म अनुदान दिने हो सोको मापदण्ड बनाउनु पर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **पेश्की जमानतः**<br><br>सार्वजनिक खरिद ऐन¸ २०६३ को दफा ५२(क) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात् आपूर्तिकर्ता¸ निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था छ । ठेक्का नं MG/W/NCB/TBNP-1/2078/79 को त्रिभुवन मा वि को भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी तुलसी इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सनले पेश गरेको ग्लोवल आइएमई वैंकद्वारा जारी पेश्की जमानत रु.१३०००००।०० को म्याद २०७८।३।८ मा सकिएकोले पेश्की जमानतको म्याद थप हुनुपर्ने देखिएको रु. | १,३००,००० |
| ४३ | | | **मोतिपुर बकुवा सडक निर्माण :** | |
| ४३.१ | | | मोतिपुर बकुवा सडक निर्माण कार्यका लागि मिति २०७८।७।१५ मा निर्माण व्यावसायी खड्का भट्टराई जेभीसंग रु १३९८०१७९।३७ मा ठेक्का सम्झौता भएको थियो । शुरु ठेक्का सम्झौता अनुसार मिति २०७८।१२।३० मा निर्माण कार्य सम्पन्न हुनुपर्ने थियो । चालु आर्थिक वर्षमा कार्यालयबाट निर्माण कार्यमा उल्लेख्य प्रगति नभएको उल्लेख गर्दै मिति २०७९।३।३० सम्मको लागि म्याद थप गरेको देखिन्छ । निज निर्माण व्यावसायीलाई हाल सम्म रनिङ विलबाट रु. २४०८५६१।५४ भुक्तानी भएको छापेश्की बाँकी रु. २५०००००। रहेको छ । हाल निर्माण गर्दै कार्यालयले निर्माण व्यावसायीलाई पत्राचार गर्दा समेत सम्पर्कमा आएको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन : | |
| ४३.२ | | | पेश्की जमानतको म्याद समेत २०७९।८।३० मा नै सकिएको छ । कार्यालयले पेश्की जमानतको म्याद सकिनु अगाडि नै जमानत जफत गर्नका लागि जमानत जारी गर्ने कृषि बिकास बैंक धम्बोझी शाखालाई पत्राचार गरेकोमा बैंकले जमानत जफत गरेको देखिएन । बिना सर्त बेनिफिसियरीको आदेश अनुसार जमानत जफत गर्नु बैंकको कानूनी दायित्व भएकोमा बैंकले कार्यालयको निर्देशनको पालना नगरेको राष्ट बैंकको एकिकृत निर्देशिका बिपरित देखिएकोमा यस सम्बन्धमा राष्ट्र बैंकलाई शिघ्र पत्राचार गरी कानुनको परिपालना नगर्ने बैंकलाई दण्डित गर्ने र जमानत जफत गरी बेरुजु दाखिला गर्नु पर्दछ। पेश्की जमानत जफत गरी दाखिला गर्नुपर्ने रु. | २,५००,००० |
| ४३.३ | | | निज निर्माण व्यावसायीले यस ठेक्काको लागि राखेको कार्य सम्पादन जमानतको मिति २०८०।४।३० सम्म भएको हुँदा शिघ्र जमानत जफतको कारवाहीमा जानु पर्ने देखिन्छ । कार्य सम्पादन जमानत जफत गरी दाखिला गर्नुपर्ने रु. | ४,१६७,६५८ |
| ४४ | | | **नदीजन्य पदार्थको ठेक्का सम्बन्धमा :** | |
| ४४.१ | | | बबई नदीको वडा नं ४ खैलारघाट र वडा नं ५ को चन्दनपुर घाटबाट नदीजन्य पदार्थ उत्खनन कार्यका लागि ४ पटक बोलपत्र आव्हान हुँदा पनि कुनै बोलपत्र पेश नगरेको कारण देखाई नगर कार्यपालिकाको मिति २०७८।९।९ मा बसेको बैठकले नदीजन्य पदार्थको उत्खननका लागि वैकल्पिक व्यवस्थापन गर्नुपर्ने निर्णय गरी वैकल्पिक व्यवस्था अनुसार चन्दनपुर घाटबाट २४४५४.८४ र खैलारघाटबाट १९८९०.२ घनमिटर नदीजन्य पदार्थ उत्खनन गरी सो वापत कुल रोयल्टी रू १२५३९५८८। र सडक मर्मतबाट रू ५७७५००। गरी जम्मा रू १३११७०८८। आम्दानी भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन : | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४.२</td><td></td><td></td><td>पालिकाबाट वैकल्पिक व्यवस्थापन गर्ने गरी निर्णय भई अमानतबाट नदीजन्य पदार्थ उत्खनन गरेकोमा ढुङ्गा, गिटी बालुवा उत्खनन गरी विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ अनुसारको कार्य हुन सकेन ।</td><td></td></tr>
<tr><td>४४.३</td><td></td><td></td><td>लुम्विनी प्रदेश राजपत्र मुख्य मन्त्री तथा मन्त्रिपरिषद्लाई कार्यालयको मिति २०७८।६।२२ को अर्थ सम्बन्धी प्रस्तावमा तराईमा ढुङ्गा गिटी वालुवा प्रति क्यू फिट रू १२। कायम गरिएकोमा ठाकुरबाबा नगरपालिकाबाट प्रकाशित स्थानीय राजपत्रमा ढुङ्गा गिटी वालुवाको प्रति घन मिटर रू ८। कायम गरिएकोमा प्रदेश सरकारको भन्दा घटी दररेट कायम गरी स्थानीय राजपत्रमा प्रकाशित सूचना अनुसारको दररेट लगाई संकलन गरेकोले प्रदेश सरकारको निर्णय विपरित कार्य गरेको देखिएको छ।</td><td></td></tr>
<tr><td>४४.४</td><td></td><td></td><td>प्रदेश सरकारको ढुंगा गिटी वालुवा लगायतका नदीजन्य पदार्थ संकलन सम्बन्धी मापदण्ड २०७७ मा मूल्य अभिवृद्धि कर दर्ता फर्महरुबाट ठेक्का लगाई सोबाट प्राप्त हुनुपर्ने मूल्य अभिवृद्धि कर समेत असुल गर्नुपर्नेमा अमानतबाट कार्य गराई निम्नानुसारका निर्माण व्यवसायीबाट नदीजन्य पदार्थ संकलन निकासी गरेकोमा सोबाट प्राप्त हुनुपर्ने मूल्य अभिवृद्धि कर प्राप्त हुन सकेन ।
<table>
<tr><th>सि नं</th><th>निर्माण व्यवसायी</th><th>रकम</th></tr>
<tr><td>१</td><td>निश्चल कन्स्ट्रक्सन</td><td>३६०४०००</td></tr>
<tr><td>२</td><td>रावल निर्माण सेवा</td><td>२९८५३६</td></tr>
<tr><td>३</td><td>जि वि स निर्माण सेवा</td><td>१५७७५२</td></tr>
<tr><td>४</td><td>धनलक्ष्मी विल्डर्स</td><td>१०००००</td></tr>
<tr><td>५</td><td>श्याम ज्ञान एण्ड सन्स प्रा लि</td><td>१२७९३६८</td></tr>
<tr><td>६</td><td>बर्दिया वालुवा प्रशोधन उद्योग</td><td>१५०२४८७</td></tr>
<tr><td>७</td><td>कालि गण्डकी निर्माण सेवा</td><td>५३१३००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७४७३४४३</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४.५</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था रहेको छ। तर नदीजन्य पदार्थ संकलन विक्री वितरण गर्न अनुमति उपभोक्ता समितिलाई दिने व्यवस्था रहेको छैन । तर पालिकाले विभिन्न उपभोक्ता समितिहरुबाट विभिन्न कार्यको सम्झौता गरी निजहरुलाई नदीजन्य पदार्थ उत्खनन तथा विक्री वितरण गरी प्राप्त हुने राजश्व उनीहरुले प्राप्त गर्ने बीलबाट संकलन गरेको नदीजन्य पदार्थको प्रति घनमिटर तोकिएको दरले हुन आउने रकम घटाई उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिन्छ। कुल आम्दानी रू १३११७०८८। मा निर्माण व्यवसायीबाट संकलन भएको रू ७४७३४४३। बाहेक रू ५६४३६४५। उपभोक्ता तथा व्यक्तिगतबाट संकलन गरेको रू १३११७०८८ तोकिएको मापदण्ड अनुसार काम हुन सकेन।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **पेस्की सम्बन्धमा :**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा कुनै व्यक्ति वा संस्थाले सरकारी कामको लागि पेस्की लिनुपर्दा कुन कामको लागि पेस्की लिएको हो सो खुलाई सामान्यतया आर्थिक वर्षको अन्त्यमा पेस्की दिनु हुदैन भन्ने व्यवस्था रहेको छ। पालिकाले कस्मोपोलोटिन कन्सल्टेन्ट एण्ड टेक्निकल एजुकेशन सेन्टर (दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना) सँग मिति २०७९।३।२३ मा तालिम संचालनका लागि सम्झौता गरी गो भौ नं २८० मिति २०७९।३।२४ मा रू ६७८०००। आषाढको अन्त्यमा पेस्की दिएको देखियो । तालिम संचालनको लागि रू १३४३५५०। (मु अ कर सहित) सम्झौता भएकोमा सम्झौताको जि सि सि ४६.१ मा पहिलो किस्ता २० प्रतिशत मात्र पेस्कीको रुपमा दिने भनिए तापनि पहिलो किस्ता वापत ५७.०२ प्रतिशत अर्थात रू ६७८०००। पेस्की दिएको देखिएको र सम्झौतामा उल्लेखित भन्दा बढी रकम असुल फर्स्यौट गर्नुपर्ने रू. | ६७८,००० |
| ४६ | | | **निर्माण परिमाण र गुणस्तरः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ भने नियम ९७ मा उपभोक्ता समितिले गरेको खर्चको बिलभरपाई जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । पालिकाले कर्मला निकुञ्ज किनारमा पक्की पर्खाल निर्माण कार्य वापत छेकवार पक्की पर्खाल निर्माण उ स लाई गो भौ नं ७।२०७८।११।२६ वाट रु२०९५२४२।०० वाट भुक्तानी गरेको पाइयो । प्राविधिक मुल्यांकन तथा नर्म्स अनुसार आवश्यक पर्ने सिमेन्टको परिमाण भन्दा उपभोक्ता समितिले ६४ वोरा कम सिमेन्टको विल पेश गरेको हुँदा कर बिजक बेगरको रु.६६०१।०० मु अ कर भुक्तानी भएको देखिएकोले उक्त रकम सम्वन्धित उपभोक्ता समितिवाट असूल हुनुपर्ने रु. | ६,६०१ |
| ४७ | | | **दोहोरो हुनसक्नेः**<br><br>सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६ को बुँदा नं २१ मा नेपाल सरकारवाट भुकम्प पुनर्निर्माण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानान्तरण जस्ता कार्यक्रमवाट लाभान्वित लाभग्राहीलाई यस कार्यविधि बमोजिम अनुदान उपलब्ध नगराइने उल्लेख छ । पालिकाले २०७१ सालको वाढीवाट घर क्षतिग्रस्त भएका परिवारलाई घर पुनर्निर्माण कार्यको लागि करिव ५९० घरपरिवारलाई विभिन्न किस्तामा अनुदान उपलब्ध गराइरहेको अवस्थामा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत पालिकाले पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामूली ल्याउने गरी सुरक्षित आवास निर्माण कार्यको लागि आ. व. २०७६।७७ मा छनौटमा परेका १९७ परिवारमध्ये आ व २०७६।७७ मा पहिलो किस्ता वापत १७३ परिवारलाई प्रति परिवार रु.१३५७८।०० को दरले भुक्तानी भएकोमा यस आ व मा सोही १७३ परिवारलाई प्रति परिवार रु.२०५६५।०० को दरले दोस्रो किस्ता वापत रु.३५५७७४५।०० भुक्तानी भएको पाइयो । साथै सम्झौता हुन वाँकी २४ परिवारले हालसम्म पनि कुनै रकम प्राप्त गरेको पाइएन । त्यसै गरी प्रदेश सरकारको ५० प्रतिशत साझेदारीमा संचालित सुरक्षित विपन्न आवास कार्यक्रम अन्तर्गत छनौटमा परेका १०० परिवारमध्ये ९५ परिवारलाई प्रति परिवार रु.१०००००।०० को दरले जम्मा रु.९४५००००।०० भुक्तानी भएको पाइयो । यसरी कार्यविधिले दोहोरो अनुदान उपलब्ध नगराउने स्पष्ट व्यवस्था गरेको अवस्थामा २०७१ सालको वाढीवाट घर क्षति भएको आधारमा अनुदान प्राप्त गरिरहेका लाभग्राही, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामूली ल्याउने सुरक्षित आवास निर्माण कार्यक्रम तथा सुरक्षित विपन्न आवास कार्यक्रम अन्तर्गत अनुदान पाउने लाभग्राही दोहोरिनसक्नेतर्फ पालिकाले ध्यान दिएको देखिएन । यसतर्फ विशेष ध्यान दिई कार्यविधिमा भएको व्यवस्था अनुरुप अनुदान दोहोरो नपर्ने गरी अभिलेख व्यवस्थापन गर्नुपर्ने देखिन्छ। | |
| ४८ | | | **बीमाको म्याद थपः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री प्रयोग गरिने मेसिन औजार वा प्लाण्ट लगायतको निर्माण कार्यको निर्माण व्यवसायीले त्रुटी सच्याउने दायित्वको अवधिसम्मको बीमा गराउनुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का सम्झौता गरेको विद्यालय भवन निर्माणको काम समयमा सम्पन्न हुन नसकी ठेक्काको म्याद २०७९।१०।२१ सम्म थप भएकोमा बीमाको म्याद २०७९ पुष समान्तसम्म मात्र रहेको देखियो । खरिद नियमावलीमा भएको व्यवस्था अनुसार त्रुटी सच्याउने दायित्वसम्म निर्माण कार्यको बीमाको म्याद थप हुनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **पूर्व निर्धारित क्षतिपूर्तीः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधीमा सम्झौता अनुसारको सामान आपूर्ती नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले सम्झौता रकमको अधिकतम १० प्रतिशतमा नवढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ती असूल गर्नुपर्ने उल्लेख छ । वडा नं ३ को स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागि ठेक्का नं MG/W/NCB/TBNP/-09/2076-77 तथा सम्झौता रकम मू अ कर सहित रु.२९३२३६५।७५ मा २०७७।९।३० सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी निर्माण व्यवसायी रोहित निर्माण सेवासँग मिति २०७७।२।१४ मा ठेक्का सम्झौता भएको पाइयो । निर्माण व्यवसायीले तोकिएको समयमा निर्माण कार्य सम्पन्न नगरी २०७९।२।३० मा मात्र निर्माण कार्य सम्पन्न भएको पाइयो भने सो अवधिको म्याद थप समेत भएको देखिएन । यसरी तोकिएको समयमा निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीवाट खरिद नियमावलीमा भएको व्यवस्था अनुसार सम्झौता रकम रु.२५९५०१४।०० (मू अ कर वाहेक) को १० प्रतिशतले हुने रकम रु.२५९५०१।०० सम्वन्धित निर्माण व्यवसायी रोहित निर्माण सेवावाट असूल हुनुपर्ने रु. | २५९,५०१ |
| ५० | | | **सुरक्षित नागरिक आवास कार्यक्रमः**<br><br>सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६ को दफा ४ मा सम्वन्धित स्थानीय तहको समन्वयमा संघीय आयोजना कार्यान्वयन एकाई वा सघन शहरी तथा भवन निर्माण आयोजनाले लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, गाह्रो आदिको आधारमा अनुसूची -१ वमोजिमको अंक प्रदान गरी प्राथमिकताको आधारमा सूची तयार गर्ने उल्लेख छ । त्यस्तै अनुसूची १ मा जग्गाको स्वामित्व भएको, ढुङ्गाको, बाँस, चिरपटा।कप्टेरोको गाह्रो भएको, खपटा, टायल, स्याउला, प्लाष्टिकको छाना भएको र जग्गाको क्षेत्रफल ३० वर्गफिट भन्दा कम भएकोलाई प्राथमिकता दिने उल्लेख छ । तर पालिकाले यस बर्ष सुरक्षित नागरिक आवासको लागि विभिन्न मितिमा निर्णय गरी रकम उपलव्ध गराएको भएता पनि कार्यविधिले तोकेको मापदण्ड पुरा गरेको देखिने कागजात संलग्न गरेको छैन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ । | |
| ५१ | | | **तराई मधेश समृद्धि कार्यक्रमः**<br><br>तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ को दफा ५ मा आयोजना सञ्चालन गर्दा कार्यक्रमवाट अधिकतम ७० प्रतिशत र पालिकावाट न्युनतम ३० प्रतिशत लागत साझेदारी हुनुपर्ने उल्लेख छ । कार्यक्रम अन्तर्गत श्री किसान मा. वि. को बहुतले विद्यालय भवन निर्माण कार्यको कुल लागत अनुमान रु.३८८३१७७।७२ रहेकोमा कार्यक्रमवाट ७० प्रतिशत र पालिकावाट ३० प्रतिशत खर्च व्यहोर्ने गरी सम्झौता गरेको पाइयो । सवैभन्दा कम रु.२७३५९४१।६१ कवोल गर्ने निर्माण व्यवसायी गौरव निर्माण सेवाले पेश गरेको वोलपत्र स्वीकृत भई ठेक्का सम्झौता भएकोमा रु.२३९५१९४।४२ को मूल्यांकन विल पेश भई सो वरावरको रकम नै कार्यक्रमवाट खर्च लेखेको पाइयो । यसरी सम्झौता बमोजिम तराई मधेश समृद्धि कार्यक्रमवाट कुल खर्चको ७० प्रतिशतले हुने रु.१६७६६३६।०० भुक्तानी गर्नुपर्नेमा रु.२३९५१९४।४२ अर्थात रु.७१८५५८।०० वढी खर्च लेखेको देखिएकोले कार्यक्रमवाट वढी खर्च लेखेको रु.७१८५५८।०० संघीय संचितकोष फिर्ता हुनुपर्ने रु. | ७१८,५५८ |
| ५२ | | | **तलबी प्रतिवेदनः**<br><br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिवेदन र निजामती कर्मचारीको तलवी प्रतिवेदन निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष पालिकाका सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलवमा खर्च गरेको छ । यसरी तलबि प्रतिवेदन पारित नगराई रकम खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा यकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ५३ | | | **कर्मचारी करार :** | १०,६०६,९३० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।<br><br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । नगरपालिकाले यस वर्ष माथि उल्लेखित पद वाहेकका सहायक पाँचौं, स्टाफ नर्स, अनमी, अहेव, पशु स्वयंसेवक लगायतका विभिन्न ८ पदमा स्वीकृत दरवन्दी वाहिर २९ जना करार कर्मचारी नियुक्त गरी वर्षभरीमा रु.१०६०६९३०।०० भुक्तानी गरेको अनियमित देखिएको रु.</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>करार कर्मचारीलाई महंगी भत्ताः<br><br>करार सम्झौताद्धारा नियुक्त गरिएका कर्मचारीको सेवा सुविधा सम्वन्धमा सामान्य प्रशासन मन्त्रालयको च नं २१७ मिति २०७४।१।२५ को पत्रमा कम्तीमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा निजामती कर्मचारीसरह एक महिनाको आधारभूत पारिश्रमिक वरावरको चाडपर्व खर्च र सालवसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता सम्झौतामा उल्लेख गरी दिन मिल्ने उल्लेख भएता पनि महंगी भत्ता उपलब्ध गराउने सम्वन्धमा कुनै व्यवस्था छैन । त्यसैगरी प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) को ७५ प्रतिशत आर्थिक सहयोगमा संचालित कार्यक्रम अन्तर्गत नियुक्त हुने सुचना प्रविधि अधिकृतको पारिश्रमिक तथा सेवा सुविधा सम्वन्धमा प्रेसित पत्रमा समेत सुचना प्रविधि अधिकृतलाई महंगी भत्ता उपलब्ध गराउने उल्लेख छैन । तर पालिकाले उक्त व्यवस्था विपरित निम्नानुसारका करार सेवाका कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराएको देखिएकोले दिन नमिल्ने महंगी भत्ता वापत भुक्तानी भएको रु. १९७५४००। सम्बन्धित कर्मचारीहरुवाट असूल गर्नुपर्ने रु.
<table>
<tr><th>सि. नं.</th><th>कर्मचारीको नाम पद</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>1.</td><td>अ न मी श्री प्रज्ञा पन्त</td><td>२४०००</td></tr>
<tr><td>2.</td><td>अ न मी श्री प्रतिमा योगी</td><td>२४०००</td></tr>
<tr><td>3.</td><td>अ न मी श्री मनिकला पाण्डे</td><td>२४०००</td></tr>
<tr><td>4.</td><td>अ न मी श्री प्रतिक्षा शर्मा</td><td>२४०००</td></tr>
<tr><td>5.</td><td>अ न मी श्री कमला बुढा</td><td>२४०००</td></tr>
<tr><td>6.</td><td>अ न मी श्री सुमित्रा शर्मा</td><td>२४०००</td></tr>
<tr><td>7.</td><td>अ न मी श्री निर्मला खड्का</td><td>२४०००</td></tr>
</table></td><td>१,९७५,४००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| 8. | अ न मी श्री दुर्गा सुनार | २४००० |
| 9. | हे अ श्री टोप बहादुर वि क | २४००० |
| 10. | हे अ श्री सुरक्षा थारु | २४००० |
| 11. | हे अ श्री ओम प्रकाश थारु | २४००० |
| 12. | कास श्री अनोज कुमार नेपाली | २४००० |
| 13. | स्वीपर श्री टिका थापा मगर | २४००० |
| 14. | स्वीपर श्री आशा कुमारी थारु | २४००० |
| 15. | स्वीपर श्री रिता थारू | २४००० |
| 16. | कास श्री सीता मगर | २४००० |
| 17. | कास श्री सुनिता थारु | २४००० |
| 18. | कास श्री गणेश थारु | २४००० |
| 19. | कास श्री रुपा दहित | २४००० |
| 20. | कास श्री रामरुपा वोगटी | २४००० |
| 21. | कास श्री कमला थापा | २४००० |
| 22. | सकअ श्री आर्जन रिजाल | २४००० |
| 23. | सकअ श्री मान कुमारी चौधरी | २४००० |
| 24. | एम आइ एस अपरेटर श्री पुष्कर न्यौपाने | २४००० |
| 25. | एम आइ एस अपरेटर श्री सर्वराज भारति | २४००० |
| 26. | एम आइ एस अपरेटर श्री भगवति अधिकारी | ८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| 27. | कास श्री निशेष रखाल | २३४०० |
| 28. | आइटी अफिसर श्री दिनेश विष्ट | २४००० |
| 29. | हसचा श्री घनश्याम रिजाल | २४००० |
| 30. | हसचा श्री विकास गुङङ्ग | २४००० |
| 31. | हसचा श्री दिपेश पुन मगर | २४००० |
| 32. | हसचा श्री अनिल कुमार चौधरी | २४००० |
| 33. | हसचा श्री भुपेन्द्र भारती | २४००० |
| 34. | कास श्री चन्द्रा कुमारी थारु | २४००० |
| 35. | कास श्री गरिमा खड्का | २४००० |
| 36. | कास श्री मनिता थारु | २४००० |
| 37. | कास श्री लक्ष्मी रिजाल | २४००० |
| 38. | कास श्री सरिता चौधरी थापा | २४००० |
| 39. | कास श्री राज बहादुर अधिकारी | २४००० |
| 40. | कास श्री भुमिसरा भुसाल | २४००० |
| 41. | कास श्री ओम कुमारी गरारी थारु | २४००० |
| 42. | कास श्री प्रेम प्रसाद खनाल | २४००० |
| 43. | कास श्री मधुशुधन गड्तौला | २४००० |
| 44. | हसचा श्री बम बहादुर थारु | २४००० |
| 45. | हसचा श्री राजु चौधरी | २४००० |
| 46. | कास श्री रिचा चौधरी खनाल | २४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | |
|---|---|---|
| 47. | कास श्री सुनिल चन्द | २४००० |
| 48. | कास श्री तारा चौधरी | २४००० |
| 49. | कास श्री धना देवकोटा | २४००० |
| 50. | कास श्री देविलाल थारु | २४००० |
| 51. | पाले श्री गोपाल थारु | २४००० |
| 52. | मेलमिलाप संयोजक श्री गिता पौडेल | २४००० |
| 53. | मेलमिलाप संयोजक श्री दामोदार पोखेल | २४००० |
| 54. | मेलमिलाप संयोजक श्री सिताराम रिजाल | २४००० |
| 55. | मेलमिलाप संयोजक श्री राधा आचार्य | २४००० |
| 56. | पशुसेवा स्वयमसेवक श्री सुरेश थारु | २४००० |
| 57. | पशुसेवा स्वयमसेवक श्री सपना अधिकारी | २४००० |
| 58. | पशुसेवा स्वयमसेवक श्री जगदिश शाही | २४००० |
| 59. | पशुसेवा स्वयमसेवक श्री शिवराज खनाल | २४००० |
| 60. | पशुसेवा स्वयमसेवक श्री गिता भण्डारी | २४००० |
| 61. | पशुसेवा स्वयमसेवक श्री टेक बहादुर थापा | २४००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>62.</td><td>पशुसेवा स्वयमसेवक श्री उमेश थारु</td><td>२४०००</td></tr>
<tr><td>63.</td><td>पशुसेवा स्वयमसेवक श्री सुरेन्द्र खनाल</td><td>२४०००</td></tr>
<tr><td>64.</td><td>श्री रविन्द्र अर्याल</td><td>२४०००</td></tr>
<tr><td>65.</td><td>श्री राजेश ज्ञवाली</td><td>२४०००</td></tr>
<tr><td>66.</td><td>श्री करुणा खड्का</td><td>२४०००</td></tr>
<tr><td>67.</td><td>श्री विनोद चौधरी</td><td>२४०००</td></tr>
<tr><td>68.</td><td>कृषि अधिकृत श्री निरन्जन पोख्रेल</td><td>१००००</td></tr>
<tr><td>69.</td><td>कृषि अधिकृत श्री जया भण्डारी</td><td>१४०००</td></tr>
<tr><td>70.</td><td>श्री कुलदिप यादव</td><td>२४०००</td></tr>
<tr><td>71.</td><td>श्री सृजना रेग्मी</td><td>२४०००</td></tr>
<tr><td>72.</td><td>श्री रेखा चौधरी</td><td>२४०००</td></tr>
<tr><td>73.</td><td>श्री हरिप्रसाद चौधरी</td><td>२४०००</td></tr>
<tr><td>74.</td><td>श्री द्रोपदी योगी</td><td>२४०००</td></tr>
<tr><td>75.</td><td>श्री प्रकाश थारु</td><td>२४०००</td></tr>
<tr><td>76.</td><td>श्री ज्ञानु कुमारी परियार</td><td>२४०००</td></tr>
<tr><td>77.</td><td>श्री सिता थारु</td><td>२४०००</td></tr>
<tr><td>78.</td><td>कृषि सेवा संयोजक श्री पदमराज भण्डारी</td><td>२४०००</td></tr>
<tr><td>79.</td><td>कृषि सेवा संयोजक श्री विद्या अधिकारी</td><td>२४०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>80.</td><td>कृषि सेवा संयोजक श्री निर्मला भण्डारी</td><td>२४०००</td></tr>
<tr><td>81.</td><td>कृषि सेवा संयोजक श्री निश्मा कुमारी उपाध्याय</td><td>२४०००</td></tr>
<tr><td>82.</td><td>कृषि सेवा संयोजक श्री सुमित्रा थारु</td><td>२४०००</td></tr>
<tr><td>83.</td><td>कृषि सेवा संयोजक श्री टिका पौडेल</td><td>२४०००</td></tr>
<tr><td>84.</td><td>कृषि सेवा संयोजक श्री आरती थापामगर</td><td>२४०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९७५४००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>प्रमाण पेश नभएको :<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५ मा सरकारी रकम खर्च गर्दा बील भरपाई साथ लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। उद्यम विकास अधिकृत करुणा खड्काले ५ दिने भैसि बाख्रा तथा ढलक बनाउने तालिम संचालन गरेको भनि भाडा खर्च वापत रू २३०००। खर्च लेखेकोमा यातायात खर्च पाउने आधार तथा प्रमाण पेश गर्नेपर्ने रू</td><td>२३,०००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>प्रोत्साहन भत्ताः<br><br>स्थानीय सरकार सञ्चालन ऐन¸ २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन सञ्चालन व्यवस्थापन कर्मचारी नियुक्ती, सेवा र शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन वमोजिम हुने उल्लेख रहेको छ भने ८६(२) मा उपदफा १ को अधिनमा रहि स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त तथा सुविधा सम्वन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन अनुसार हुने रहेको छ । पालिकाले मिति २०७७।२।११ मा कार्यसम्पादनमा आधारित प्रोत्साहन रकम सम्बन्धी कार्यविधि २०७७ जारीगरी गरी यो वर्ष प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता र अन्य कर्मचारीलाई अतिरिक्त समय भत्ता कुल रु. ३०३२०००। प्रोत्साहन भत्ता खर्च लेखेको देखियो । स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्वन्धी अन्य व्यवस्था संघीय कानुनको आधारभूत सिद्वान्त र मापदण्डको अधिनमा रही स्थानीय तहले बनाएको कानुन वमोजिम हुने व्यवस्था भए तापनि यस सम्वन्धी संघीय कानुन नवनेको अवस्थामा समेत पालिकाले प्रोत्साहन भत्ता सम्वन्धी कार्यविधि जारी गरी प्रोत्साहन भत्ता वापत खर्च लेखेको नियमसम्मत देखिएन । कर्मचारी नियुक्ती, सेवा र सर्त तथा सुविधा सम्बन्धी कार्य गर्दा कानुनमा भएको व्यवस्था अनुसार गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>वैठक भत्ताः<br><br>कार्य सञ्चालन निर्देशिका २०७७ मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी।कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था छ भने सोही निर्देशिकामा कानून अनुसार गठन भएका समितिहरुको वैठकको लागि मात्र वैठक भत्ता उपलब्ध गराउने उल्लेख छ । पालिकाले पशु विकास कार्यक्रम मूल्यांकन तथा छनौट समिति तथा पशु विकास अनुगमन समितिको वैठक भत्ता भनी कार्यालयको नियमित कार्य अन्तर्गतको कार्य तथा पालिकाका मात्र कर्मचारी।पदाधिकारी संलग्न रही निम्नानुसारका गो भौ नं र मितिवाट वैठक भत्ता भुक्तानी लिएको देखिएकोले निर्देशिकाले लिन नमिल्ने भनी तोकेको भत्ता वापत भुक्तानी लिएको रकम सम्बन्धित कर्मचारी / पदाधिकारीहरुलाट असूल हुनपर्ने रु</td><td>८७,५५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो भौ नं मिति</th><th>वापत</th><th>कर्मचारी पदाधिकारीको नाम</th><th>वैठक संख्या</th><th>भत्ता दर</th><th>भत्ता रकम</th><th>कर कट्टी पछिको हुने रु</th></tr>
<tr><td>५५।२०७८।६।१०<br>१९९।२०७८।९।६</td><td>पशु विकास कार्यक्रम मूल्यांकन तथा छनौट</td><td>घननारायण श्रेष्ठ</td><td>१२</td><td>१०००</td><td>१२०००</td><td>१०२००</td></tr>
<tr><td></td><td></td><td>रामहरी रिजाल</td><td>१६</td><td>१०००</td><td>१६०००</td><td>१३६००</td></tr>
<tr><td></td><td></td><td>हुकुमानन्द पोखरेल</td><td>१०</td><td>१०००</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td></td><td></td><td>जित बहादुर थारु</td><td>६</td><td>१०००</td><td>६०००</td><td>५१००</td></tr>
<tr><td></td><td></td><td>युवराज अधिकारी</td><td>८</td><td>१०००</td><td>८०००</td><td>६८००</td></tr>
<tr><td></td><td></td><td>निम प्रसाद थारु</td><td>१६</td><td>१०००</td><td>१६०००</td><td>१३६००</td></tr>
<tr><td></td><td></td><td>अमर बहादुर शाही</td><td>१६</td><td>१०००</td><td>१६०००</td><td>१३६००</td></tr>
<tr><td></td><td></td><td>गोपाल प्रसाद सिग्देल</td><td>६</td><td>१०००</td><td>६०००</td><td>५१००</td></tr>
<tr><td></td><td></td><td>गोपाल प्रसाद उपाध्याय</td><td>६</td><td>१०००</td><td>६०००</td><td>५१००</td></tr>
<tr><td></td><td></td><td>दिल बहादुर भण्डारी</td><td>१०</td><td>१०००</td><td>१००००</td><td>८५००</td></tr>
<tr><td></td><td></td><td>तपेन्द्र जोशी</td><td>६</td><td>१०००</td><td>६०००</td><td>५१००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>८७५५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>तालिम प्रशिक्षक भत्ताः<br><br>अर्थ मन्त्रालयद्वारा जारी कार्यसंचालन निर्देशिका, २०७७ मा सार्वजनिक निकायद्धारा संचालन गरिने तालिम, सेमिनार, गोष्ठी कार्यशाला लगायतमा गरिने खर्चको मापदण्ड सम्बन्धी वाह्य प्रशिक्षकले कक्षा लिएको अवस्थामा कार्यपत्र र कक्षा लिए वापत प्रति सेसन रू १५००। का दरले खर्च लेख्न पाउने र एउटा कक्षा अधिकतम १ घण्टा ३० मिनेटको हुनुपर्ने र ४ वटा कक्षासम्मको भुक्तानी दिन मिल्ने व्यवस्था छ। कार्यपालिकाको मिति २०७८।५।२५ को बैठकवाट सो निर्देशिकामा भएको व्यवस्था विपरित न्यायिक समितितर्फको मनोसामाजिक परामर्श तथा उत्प्रेरणा तालिम तथा महिला बालवालिका तथा समाज कल्याण उपशाखाको मनोसामाजिक परामर्श तथा व्यक्तित्व विकास तालिमका सहजकर्तालाई प्रतिदिन रु.१००००।०० को दरले पारिश्रमिक उपलब्ध गराउने निर्णय गरेको पाइयो। यसरी कार्यसञ्चालन निर्देशिकाले तोकेकोभन्दा भिन्न दरमा सहजकर्तालाई पारिश्रमिक उपलब्ध गराउने निर्णय गरी निम्नानुसारका तालिम कार्यक्रममा सहजकर्तालाई दैनिक रु.१००००।०० को दरले रु.१५००००।०० पारिश्रमिक भुक्तानी गरेकोमा बढी भुक्तानी भएको रू ५१०००। असुल गर्नुपर्ने रु</td><td>५१,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो भौ नं र मिति</th><th>तालिम कार्यक्रम</th><th>तालिम सञ्चालन अवधि</th><th>प्रशिक्षकको नाम</th><th>दिन</th><th>भुक्तानी हुनुपर्ने</th><th>दर</th><th>भुक्तानी भएको</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>४०।२०७८।६।६</td><td>मनोसामाजिक परामर्श तथा व्यक्तित्व विकास तालिम</td><td>२०७८।६।१ देखि ६।५</td><td>खिमा रिजाल</td><td>५</td><td>६०००</td><td>३००००</td><td>५००००</td><td>१७०००</td></tr>
<tr><td>४०।२०७८।६।६</td><td>मनोपरामर्श तथा उत्प्रेरणा तालिम</td><td>२०७८।५।२५ देखि ५।२९</td><td>खिमा रिजाल</td><td>५</td><td>६०००</td><td>३००००</td><td>५००००</td><td>१७०००</td></tr>
<tr><td>११५।२०७८।७।११</td><td>मेलमिलाप सम्बन्धी पुनर्ताजगी तालिम</td><td></td><td>शारदा गुरुङ</td><td>५</td><td>६०००</td><td>३००००</td><td>५००००</td><td>१७०००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>१५००००</td><td>५१०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>
नर्म्स भन्दा वढी भुक्तानी:<br><br>
अर्थ मन्त्रालय द्धारा जारी कार्यसंचालन निर्देशिका,२०७७ मा सार्वजनिक निकायद्धारा संचालन गरिने तालिम,सेमिनार,गोष्ठी कार्यशाला एवं बैठक भत्ता सम्वन्धी ब्यबस्था गरीएको छ ।पालिकाले खर्च गर्दा सोही निर्देशिका बमोजिम सम्बन्धित कार्यालयले संचालन गरेको तालिम भएको अवस्थामा सोही कार्यालयको श्रोत ब्यक्तिले कक्षा लिएको खण्डमा पारिश्रमिक नपाउने, केवल कार्यपत्र वापत मात्र अधिकृतस्तर तालिमको हकमा प्रतिकार्यपत्र १००० तथा सहायकस्तरको तालिमको हकमा प्रतिकार्यपत्र रु.८०० को दरले खर्च गर्नुपर्नेमा तालिम कार्यक्रममा पेश्की लिई कार्यक्रम संचालनको पेश्की फर्स्यौट तथा तालिम कार्यक्रमको सोधभर्ना भुक्तानीमा निम्नानुसारका तालिम कार्यक्रममा निर्देशिकाले तोकेको भन्दा वढी दरमा कार्यपत्रको रकम भुक्तानी दिएको देखियो । यसरी निर्देशिकामा भएको ब्यबस्था विपरित वढी दरमा भुक्तानी भएको निम्नानूसारको रकम सम्वन्धित कर्मचारीबाट असूल हुनुपर्ने देखिएको रु.<br><br>
<table>
<tr><th>शिर्षक</th><th>गो.भौ.न./ मिति</th><th>संचालित तालिम</th><th>पेश्की फर्छ्यौट/</th><th>भुक्तानि पाउनेको नाम</th><th>कक्षा संख्या</th><th>भुक्तानि भएको रकम</th><th>भुक्तानि हुनुपर्ने रकम</th><th>कर कट्टी पछि को</th></tr>
</table>
</td><td>४५,९००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | सोधभर्ना लिनेको नाम | | | | | बढी भुक्तानि |
|---|---|---|---|---|---|---|---|---|
| कृषि चालु | ५।०७८-६-२४ | क्षमता विकासका लागी पुनर्ताजगी तालिम | धुर्व राज बम | निरन्जन पोखरेल | २ | २००० | नपाउने | १७०० |
| “ | “ | “ | “ | तपेन्द्र राज जोशी | २ | १४०० | नपाउने | ११९० |
| कृषि चालु | २७।०७९-१-६ | स्थलगत घुम्ति तालिम | विध्या अधिकारी(वडा न.१ देखि ९ सम्ममा संचालित कार्यक्रमहरु) | धुर्वराज बम | १६ | ११२०० | नपाउने | ९५२० |
| “ | “ | “ | “ | आशिष चौधरी | ६ | ४२०० | नपाउने | ३५७० |
| ‘ | “ | “ | “ | बिरेन्द्र रावत | १० | ७००० | नपाउने | ५९५० |
| ‘ | “ | “ | “ | पदमराज भण्डारी | ५ | ३५०० | नपाउने | २९७५ |
| ‘ | ‘ | ‘ | ‘ | सुमित्रा थारु | ६ | ४२०० | नपाउने | ३५७० |
| ‘ | ‘ | ‘ | ‘ | जया भण्डारी | ६ | ४२०० | नपाउने | ३५७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ‘ | ‘ | ‘ | ‘ | निश्मा कुमारी उपाध्याय | २ | १४०० | नपाउने | ११९० |
| ‘ | ‘ | ‘ | ‘ | टिका पौडेल | २ | १४०० | नपाउने | ११९० |
| ‘ | ‘ | ‘ | ‘ | बिद्या अधिकारी | ४ | २८०० | नपाउने | २३८० |
| ‘ | ‘ | ‘ | ‘ | निर्मला भण्डारी | २ | १४०० | नपाउने | ११९० |
| ‘ | ‘ | ‘ | ‘ | आरती थापा | ४ | २८०० | नपाउने | २३८० |
| ‘ | ‘ | ‘ | ‘ | निरञ्जन पोखरेल | १ | ७०० | नपाउने | ५९५ |
| कृषि चालु | ४२।०७९-३-१७ | कम्पोष्ट मल प्रदर्शन कार्यक्रम | बिरेन्द्र रावत | धुर्वराज बम | १ | ७०० | नपाउने | ५९५ |
| ‘ | ‘ | ‘ | ‘ | बिरेन्द्र रावत | १ | ७०० | नपाउने | ५९५ |
| ‘ | ‘ | ‘ | ‘ | अङ्ग बहादुर शाही | १ | ७०० | नपाउने | ५९५ |
| ‘ | ‘ | ‘ | ‘ | सिर्जना शाही | १ | ७०० | नपाउने | ५९५ |
| शिक्षा चालु | १०।०७८-८-९ | पाठयक्रम तथा सन्दर्भ सामाग्री | ऋषि प्रसाद गड्तोला | नन्दाराम अधिकारी | १ | १००० | नपाउने | ८५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>प्रवोधिकरण कार्यक्रम</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>‘</td><td>‘</td><td>‘</td><td>‘</td><td>बालकृष्ण आचार्य</td><td>१</td><td>१०००</td><td>नपाउने</td><td>८५०</td></tr>
<tr><td>‘</td><td>‘</td><td>‘</td><td>‘</td><td>यज्ञ प्रसाद नेपाल</td><td>१</td><td>१०००</td><td>नपाउने</td><td>८५०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>४५९००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>
कर्मचारीलाई अनुगमन खर्च<br><br>
भ्रमण खर्च नियमाबली २०६४ को नियम ७ को उपनियम ३ अनुसार कूनै कर्मचारीलाई कार्यालयको काममा खटाउदा एक दिनमै फर्केर आउने स्थान भए भ्रमण (अनुगमन) भत्ताको २५% मात्र रकम भुक्तानी पाउने ब्यबस्था रहेको छ । तर पालिकाले भ्रमण आदेश पेश नगरी कर्मचारीहरुलाई कार्यक्रमको अनुगमन गरेको भनि बिभिन्न भौचर बाट रु.१००० का दरले भुक्तानी दिएको छ । आफ्नै पालिका भित्र अनुगमन गरी खर्च लेखेको उपयुक्त देखिएन तसर्थ अनुगमन भत्ता नियमानुसार पाउने आधार पेश गर्नुपर्ने रु
<table>
<tr><td>भौचर नं/ मिति</td><td>विवरण</td><td>भुक्तानि रकम</td><td>कैफियत</td></tr>
<tr><td>५।०७८-६-२४</td><td>प्राबिधिकहरुको क्षमता बिकासका लागी पुनर्ताजगी तालिम</td><td>६०००</td><td>५ जना अनुगमनकर्ता (कृषी)</td></tr>
<tr><td>४७।०७९-३-१८</td><td>कृषकहरुलाई ब्यबसायिक क्षमता बिकासका लागि तरकारी खेति तालिम</td><td>४०००</td><td>४ जना अनुगमनकर्ता (कृषि)</td></tr>
<tr><td>५१।०७९-३-२१</td><td>माटो परीक्षण कार्यक्रम</td><td>४०००</td><td>४ जना अनुगमनकर्ता (कृषि)</td></tr>
<tr><td>५७।०७९-३-२५</td><td>कृषिका बिभिन्न कार्यक्रमहरु</td><td>१८०००</td><td>१८ जना अनुगमनकर्ता</td></tr>
<tr><td>५७।०७९-३-२५</td><td>कृषिका बिभिन्न कार्यक्रमहरु</td><td>१९०००</td><td>१९ जना अनुगमनकर्ता</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५१०००</td><td></td></tr>
</table>
</td><td>५१,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **कर तथा शुल्क असुली :**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५,५६,५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ। | |

| सि.नं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी | बाँकि |
|---|---|---|---|---|---|
| १ | ११३१४ | भुमिकर/मालपोत | 20,000,000.00 | 5,342,100.00 | 342,344.00 |
| २ | ११३२१ | घरवहाल कर | 2,500,000.00 | 1,315,891.00 | 1,184,109.00 |
| ३ | ११३२२ | वहाल विटौरी कर | 400,000.00 | 38,146.00 | 361,854.00 |
| ४ | ११४५१ | सवारी साधन कर (साना सवारी) | 50,000.00 | - | 50,000.00 |
| ५ | १४२४२ | नक्सापास दस्तुर | 2,500,000.00 | 2,052,357.00 | 447,643.00 |
| ६ | १४२४३ | सिफारिश दस्तुर | 5,000,000.00 | 5,020,710.00 | -20,710.00 |
| ७ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | 300,000.00 | 563,069.00 | -263,069.00 |
| ८ | १४२४९ | अन्य दस्तुर | 10,000,000.00 | 9,134,935.00 | 865,065.00 |
| ९ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | 3,000,000.00 | 1,435,804.00 | 1,564,196.00 |
| १० | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | 10,500,000.00 | - | 10,500,000.00 |
| ११ | १४२६५ | अन्य क्षेत्रको आय | 210,000.00 | - | 210,000.00 |
| जम्मा | | | 54,460,000.00 | 24,903,012.00 | 15,241,432.00 |
| कैफियतः कुल संकलन भएको रु 65,168,333.29 मध्ये अषाढ मसान्त भित्रै System मा आम्दानी बाँधेको रु २४९०३०१२, अषाढ भित्र आम्दानी बाँध्न नमिलेको 2,59,49,765.29 र मालपोत कार्यालय बर्दियाबाट प्राप्त रु 14,315,556.00 | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ। | |
